गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

स्था: २०७३

पत्र संख्याः २०८३/०८४
चलानी नं.

पुजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मौसम सम्बन्धी उच्च सतर्कता अपनाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना नं. २८/२०८३/०८४
सूचना प्रकाशित मितिः २०८३/०७/११

नेपाल मौसम विज्ञान विभागबाट २०८३ साल कार्तिक ९ गते जारी मनसुन सम्बन्धी पुर्वानुमान नेपाल सरकार र लुम्बिनी प्रदेश सरकार बाट प्राप्त निर्देशन अनुसार बंगालको खाडीमा विकसित भएको 'अर्नव' चक्रवात थप शक्तिशाली बन्दै गएको र उक्त चक्रवात आगामी कार्तिक ११ गते भारत बाट नेपाल प्रवेश गर्ने सम्भावना रहेको छ। हालसम्मको मौसम विश्लेषण अनुसार यस प्रणालीको प्रभाव कार्तिक १२ गते बिहीबार रातिबाट सुरु भई कार्तिक १३ र १४ गते प्यूठान जिल्ला सहित यस क्षेत्रमा चट्याङ, हावाहुरीसहित मध्यमदेखि भारी वर्षा हुन सक्ने र नदी तथा खोलाहरूमा पानीको बहाव उच्च रूपमा बढ्न सक्ने सम्भावना रहेको छ ।

तसर्थ, सम्भावित विपद्को जोखिम न्यूनीकरण गर्न तथा सम्भावित क्षतिबाट बच्नका लागि यही कार्तिक १२, १३ र १४ गते गौमुखी गाउँपालिकाका सम्पूर्ण गाउँवासी, किसान, व्यवसायी तथा सरोकारवालाहरूले देहाय बमोजिमका पूर्वतयारी तथा उच्च सतर्कता अपनाउनुहुन हार्दिक अनुरोध गरिन्छः

देहायः

१. धानवाली काट्ने, भित्र्याउने लगायतका कृषि सम्बन्धी कार्य, कार्तिक १२ गते बिहीबार अगाडि नै गर्ने / गराउने।
२. उच्च पहाडी तथा जोखिमयुक्त क्षेत्रमा जाँदा विशेष ध्यान दिने, सम्भव भएसम्म उक्त अवधिभर safe (सुरक्षित) स्थानमा नै रहने।
३. भीषण वर्षा र बाढी-पहिरोको जोखिम हुन सक्ने र यातायात सेवा अवरोध हुन सक्ने भएकाले अत्यावश्यक कामबाहेक यात्रा नगर्ने/नगराउने।
४. नदी तथा खोला तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूले नदीको बहावबारे नियमित रूपमा जानकारी लिने र सतर्क रहने।
५. गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था, सुरक्षा निकाय तथा स्वयंसेवकहरूलाई प्रतिकार्यका लागि तयारी अवस्थामा रहन निर्देशित गरिन्छ।
६. विपद्को जोखिम भएमा वा आपतकालीन सहयोग चाहिएमा जल तथा मौसम विज्ञान विभागको टोल फ्री नं. ११५५ वा गौमुखी गाउँपालिका तथा नजिकैको प्रहरी चौकीमा तुरुन्त सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

दुर्गा प्रशाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत

बिष्णु कुमार गिरी
अध्यक्ष

www.gaumukhimun.gov.np gaumukhirm2073@gmail.com ☎ 9857836319